# सुधीर छेत्री र उनको फेरि अर्को अनुष्टुप

भारतेली नेपाली कविता परम्परामा अस्सीको दशकको उत्तरार्धतिर देखापरेका थुप्रै कविहरू मध्ये सुधीर छेत्री एकजना हुन्। सङ्क्रमण(सन् १९९३) लेखनकालकै कविहरूका हाँचमा देखापरेका कवि सुधीर छेत्रीका कविताको अर्को पाटो विचलन (सन् २००७) लेखनसितै अघि आएका हुन्। समकालीन नेपाली कविता लेखनमा सुधीर छेत्रीका कविताहरू नवीन दृष्टान्तका रूपमा देखापरेका छन्।



**by Basudeo Thapa**

Made with GAMMA

# सुधीर छेत्रीको कवितामा नवीनता

## 1 शिल्पगत बान्की

सुधीर छेत्रीका कविताहरू आफ्ना समकालीन कविहरूका शिल्पगत बान्कीहरूदेखि केही फडका मारेर अघि बढेको अनुभव गर्न सकिन्छ। सुरुमा सङ्क्रमण लेखनमा जुन धरातलमा उभेर उनी कविता लेख्नेगर्थे विचलनमा आइपुग्दा उनी शिल्पगत बान्की र भावगत चयन दुवै पक्षले भिन्न भएर आएका छन्।

## 2 उत्तरसांस्कृतिक चेतना

समकालीन सन्दर्भमा देखिएका उत्तरसांस्कृतिक चेतनाहरूद्वारा अभिप्रेरित उनका कविताहरू नवइतिहासवाद, पहिचानवाद, अन्तर्सांस्कृतिक मिश्रण, साइबरसांस्कृतिक समाज, उपभोक्तावादको प्रभाव र अल्पसङ्ख्यक उत्पीडितहरूका समस्यादेखि परपरसम्म पुगेर स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय, भुमण्डलीय वृत्तमा कविताको एउटा नयाँ सङ्कथनका खोजीमा लागेको देखिन्छ।

## 3 भाषिक बुनोट

आजको छद्मवेशी बहुस्वरूपीय लघुआख्यानहरूलाई स्थानिक र वैश्विक रङ्ले रङ्गाएर भाषाको सुक्ष्म चुरो समातेर बुनिएका उनका कविताको रूपकात्मक पदविन्यासले पाठकहरूलाई झकझकाउँछन्।

Made with GAMMA

# सुधीर छेत्रीको कवितामा प्रभाव

## उत्तरप्रयोगवादी युग

सुधीर छेत्रीका कविताहरूमा उत्तरप्रयोगवादी युगका कविहरूको छिटा-बाछिटाको प्रभाव परे तापनि उनीहरूले चलाएकै विम्ब र प्रतीकहरूको प्रयोगको अनुगामी भने बनेका छैनन्। तर छन् त्यसमा भाषिक अपरिचितीकरणको बुनोटले उचालेको नवीन सन्दर्भका रूपकहरू।

## भाषिक बुनोट

उनका कविताको भाषिक बुनोटले बेग्लै किसिमका स्वरसन्धान खोजेका छन्। दृष्टान्तका लागि शिल्पका पखेटाभित्रका कविताहरूबाटै पनि हेर्न सकिन्छ। उनका कविताहरू पढ्दै जाँदा थाहा पाउँन सकिन्छ कि उनले कविताको संरचना र बुनोटमा सचेत रूपमै भाषिक पदविन्यासलाई अपरिचितिकरणको नवीन ढाँचामा प्रस्तुत गर्न चाहेका हुन्छन्।

Made with GAMMA

# सुधीर छेत्रीको कवितामा शिल्प

| | |
|---|---|
| मानेको पातसित दोहोरी गाइरहन्छन् | बारीको डिलमा चाँदीरङ्गे शीतका थोपाहरू। (समय सिन्दुर पृ ११) |
| व्याक्सिङ गरिएका छेपारीदेखि | च्याउँदै हेरिबस्छ मिनिस्कर्टबाट टाउको निकालेर |
| एउटा अश्लील ट्याटुले। (समलैङ्गिक डायरी पृ ४२) | पातका नसाहरूमा बर्षौ अघिको हुरी चल्मलाउँछ। |
| हावाको हेलिकप्टरले पिठ्यूँको क्षेत्रफलमा चिसो छरेर जान्छ। ( बगर व्यापार पृ ४५) | |

Made with GAMMA

# सुधीर छेत्रीको कवितामा भाषा

हेरोल्ड ब्लुमले The Anxiety of Influence भन्ने पुस्तकमा भनेका छन्, कविता भाषामा पनि होइन, शब्दमा पनि होइन, अर्थमा पनि होइन, विषयमा पनि होइन तर कविका अद्भूत कल्पना शक्तिमा हुन्छ। तर कविता आफैमा भाषिक कला भएका हुनाले भाषाकै माध्यमबाट त्यस कल्पनाशक्तिले गोरेटो समातेको हुन्छ। यसै सन्दर्भमा सुधीर छेत्रीको कविताको भाषा निकै भिन्न पाराको बोली लिएर उपस्थिति दर्ता गरेको बोध गराउँछ पाठकलाई। कविताको भाषामा शब्दलाई त्यसका पदक्रमले शाब्दिक रूपायनद्वारा सङ्केत रूप दिएको हुन्छ। सी एम बोवराले The Heritage of Symbolism भन्ने पुस्तकमा भनेका छन्, Words are limited by their meanings. तर यति सिमित शब्दभित्रै तीब्र कल्पनाशक्ति भएका कविले मात्रै कवितालाई बेग्लै व्यञ्जना र बुनोट प्रदान गरेका हुन्छन्। यिनै र यस्तै बान्कीहरूदेखि उठेर सुधीर छेत्रीले आफ्ना कविताभित्र नवीन सन्दर्भहरू पसाउन चुनौतिहरू उठाइदिन्छन्। उनी आफ्नै शैल्पिक बाटोको चयन र खोजीमा छन्। यसैलाई उनले विचलन भनेको बोध हुन्छ। हुन त कविताको भाषा आफैमा विचलनयुक्त त हुन्छ नै तर उनको आशय त्यो भन्दा अलि बेग्लै छ। यसको चर्चा पछि अर्कै ठाउँ गर्न सकिन्छ।

Made with GAMMA



# सुधीर छेत्रीको कवितामा हिडाइँ

रूपवादी आलोचक भिक्टर स्क्लोवस्की लेख्छन् – A dance is a walk which is felt. उनले यो यसै भनेनन्। सुधीर छेत्रीका कविताहरू पढ्दा एउटै वाक्यविन्यासको पट्यार लाग्दो भाषाको व्याख्या र प्रचलित कविताको बगमफुसे उफ्र्याइँ र चिच्च्याइँहरूदेखि जोगिएर हिँडेका छन्। त्यसैकारण त्यो भाषिक बुनोटले उचालेको कविताको फरक हिडाइँमा आएको विम्बले जुनसुकै पाठकको आँखालाई तानेर चेतनाको भित्रि तहसम्म हल्लाइदिन्छन्। फेदमा नरम विचारहरू राखिदिन्छन् बग्रेल्तै। कविताले विचार नै भन्ने हो भने पनि यिनले जस्तो गरी भन्नु धेरैलाई भाषाको केस्रा-केस्रा र गुदीहरू समात्नु पर्नेहुन्छ। यिनको भाषिक चिह्नभूगोल (Semiosphere) ले कवितामा परिवर्तनशील नवीन विम्बहरूलाई अवकाश दिएको लाग्छ। यसैले कवितामा विचार मात्रै लेख्ने त्यो चरमताबाटै पनि यिनी जोगिएर र सन्तुलित भएर हिँडेका छन्। घरि घरि कवितामा विचारको बाक्लो बोसो टाँसिन आउँदा यिनले टक्टकाइ पठाउँछन्। जति बोसो उर्जा चाहिन्छ कविताको बुनोटलाई त्यति मात्रै राखेर छरितो बनाउँछन् । यिनको कविताले बाक्लो दर्शन छाँट्तैनन् तर चेतनामा सिर्कुना लगाइराख्छन्। यसैले यिनका कविता हिँड्छन् छमकट्ट(Slim Trim) संरचनाको ढाँचामा भिक्टर स्क्लोवस्कीले भनेजस्तै। तर हिँडाइको फरक हिँडाइले सबैको ध्यानलाई तानेर। पाठकहरू नहेरी बस्नै सक्तैनन् । यिनी केही बेग्लै हिँड्छन्। हिँड्दा कविताको सङ्कथनहरू तोड्दै, जोड्दै हिँड्छन्।

Made with GAMMA

# सुधीर छेत्रीको कवितामा अर्थ

भाषालाई सुक्ष्मतासित पक्रिएर कविताको बुनोटमा लागेका कवि सुधीरका कविताका एउटा एउटा शब्दका अवकाससितै पदविन्यासक्रममा घुसेका शब्दहरूले रूपायित अर्थमा अनुभूतिको तीव्रतम अनुगुञ्जन सुनिन्छ। यसैले यहाँ लेघ्रो तानेर यिनका कविताको अर्थ व्याख्या गर्नु छैन, यसको तात्पर्य यिनका कविताहरू अर्थनिरपेक्ष छन् भन्ने होइन। उत्तरआधुनिकता भनिने आजका युगमा व्याख्या त जे पनि हुनसक्छन्। जताबाटै पस्ता पनि हुन्छन्। जताबाट निस्कँदा नि हुन्छन्। तर सङ्केतकले सङ्केतित अर्थको इङ्गनलाई सङ्केतसम्म गर्नु छ यहाँ। अर्थलाई नै खुट्याउने चरमताबाट टाडै बसेर लेख्ने प्रचेष्टा राख्दै व्याख्या गर्दा पनि सङ्केतले अर्थलाई स्वीकार गरिहाल्छ। सङ्केतद्वारा पर पर सरिरहने सङ्केतित अरू अर्थहरू विज्ञ पाठकहरूले अझ खोतल्ने नै छन्। यहाँ सुधीरेली शैलीका शिल्पका पखेटाका अनेक रङ्गहरू हेर्नुछ।

Made with GAMMA

# सुधीर छेत्रीको कवितामा शिल्प र अर्थ

पहिलो कविता सङ्ग्रह शिल्पका पखेटा - मा कवि सुधीर लेख्छन्, यो केवल कालो मसी पोखिएको कालो दागमात्र हो। कागजमा बनाउन सकिनँ चुरा फुटेको हावा, पोते चुँडिएको बतास अनि घुङ्घुरू फुस्किएको झरी। (रोसार्क जाँच, पृ ४७) एकैचोटी चाक्षुष विम्ब, श्रवण विम्ब, स्पर्श विम्बको अन्तर्मिश्रणको योगद्वारा अघि झलमल्ल चित्र, ध्वनि, गन्ध र स्पर्श उतारिदिएर चट्टै हराउँछन् उनी। यसलाई यहाँदेखि उता अर्थको केन्द्रतिर व्याख्या गरिएन। यति कै राखियो। काव्यिक शिल्पमा सुधीर छेत्री यसैले फरक छन्। सामाजिक सन्दर्भका केस्रा केस्रा अर्थहरू केलाउन् पाठकले, अरू पाठकहरूका लागि पनि यहाँ ठाउँ छाडियो। विचार केलाइसकेपछि के गर्लान् पाठकहरू। एउटा निष्कर्षसम्म पुग्लान्, त्यो निष्कर्ष तर पाठकको एकलौटी निष्कर्ष हुन्छ, त्यसपछि के गर्लान् ? कवितामा विचारलाई भन्नु मात्रै महत कुरो होइन, तर त्यस विचारलाई कसरी भन्नु अझै महत्त्वपूर्ण कुरो हो। यसैले यिनको कवितामा पनि के भनेका छन् भन्दा कसरी भनेका छन् त्यसलाई हेर्नु बढी चुनौतीपूर्ण लाग्छ। जबसम्म यी चुनौतिहरूसित पाठकहरू जुइदैनन् उनीहरू अर्थकै भूलभूलैयामा अल्मलिएर त्यतैतिर हराउँछन्, कविताको कलात्मक रूपसम्म आइपुग्दैनन्। सुधीरेली कविताले पाठकको चेतनामा एउटा नरम कसरत गर्न लगाइराख्छन् र सुटुक्कै हराउँछन्। यसरी कवितामा वस्तु र रूपको समन्वय थोरै कविहरूले मात्रै गर्न सक्ता हुन्। यिनका कवितामा वस्तु र रूपको मश्रिण घुलन पाइन्छ। यसैले कविताको वाक्यविन्यास हेर्दा यस्तो लाग्छ कि एउटा शब्द मात्रै झिकिदिनाले पनि यिनका कविताहरू गडबडी सुरु भइहाल्छ, यतिको समायोजन, सन्तुलित र साधित भाषाको कविताहरू तीक्ष्ण सीपका भएका कविबाट मात्रै सम्भव ठहर्दछ। यसर्थ कवि सुधीर छेत्री समकालीन नेपाली कवितामा देखिएका एकजना प्रखर कवि हुन्।

Made with GAMMA

# सुधीर छेत्रीको फेरि अर्को अनुष्टुप

उनका दोस्रो कविता सङ्ग्रह फेरि अर्को अनुष्टुपमा आइपुग्दा कवि सुधीर लेख्छन्, टेबलमाथि लडिरहेको छ आकारमा चेप्टो भए पनि विचारमा गोलो एउटा किताब ‘मार्क्सवाद र उत्तरआधुनिकतावाद’। छेवैमा छ घाँटीको दबाई, नब्बे रूपियाको तीनवटा साठी रूपियाँको टर्चलाइट र एन्ड्रोइड मोबाइल फोन। (टेबलमाथि पृ १९ ) यस कवितांशमा आइपुग्दा सुधीर छेत्रीका कविता साल्भाडोर डालीको पेन्टिङ्ग्स जस्तो लाग्छ। चित्रात्मक अभिव्यक्तिमा कविता के हो ? भन्ने प्रश्नलाई कविता के होइन र ? भन्ने सङ्केतक (Signifier)द्वारा कविताले प्रस्तुत गर्न खोजेको सङ्केतित(Signified) रूपकसम्म पुऱ्याएर छाडिदिन्छन्। पाठकले यिनको वाकचातुर्य र बाचाल बुझ्न सचेत हुनैपर्छ। शैल्पिक उर्जाको स्रोत त समाज नै हुन्छ कलाको। यस कविताद्वारा भनिएको अर्थगत चरमतातिरैको रणभुल्लमा लागियो भने यिनको कविताले दिने काव्यिक आनन्द (pleasure) र सारा सौन्दर्य(aesthetics) हरू सपाट हुन्छन्। कवितालाई कविताकै अर्थमा बुझ्न र रहन दिँदा मात्रै सुधीरेली कविताको काव्यकौशलको केही पाइतो समात्न सकिन्छ। यिनको काव्यसौष्ठवको साक्षात्कार गर्न सकिन्छ। यिनको कविताको अर्थगत चुरो समात्नै पनि पाठकले चुनौतिको सामना गर्नैपर्छ।



Made with GAMMA

# सुधीर छेत्रीको फेरि अर्को अनुष्टुपमा अर्थगत बहुलता

रोला बार्थले द प्लेजर आफ् दि टेक्स्ट भन्ने लेखमा भनेका छन्, Is not the body’s most erotic zone there, where the garment leaves gaps ? खाली छाडिएको ठाउँ अझ रत्यात्मक आनन्दको केन्द्र हुन्छ। माथिको कविताको पङ्क्तिहरूका बिचमा जे उपस्थित छ र जे अनुपस्थित छ, त्यसले पाठकको पठनक्रमलाई एकाएक तानेको छ। यस्ता भाषिक अपरिचितिकरण गरी लेखिएका पङ्क्तिहरूबाट अर्थको एकत्व लुप्त भएर अर्थगत बहुलताको सम्भावना बढेर गएको हुन्छ। यिनै पङ्क्तिहरूका अन्तरालबाट अर्थका बहुल सम्भावनाहरू खुल्ला हुन्छन्। त्यस अवस्थाबाट आस्वादन गरिएका काव्यिक आनन्दको चर्चा अखण्डित र अनिर्वचनीय हुन्छ भन्ने कुरो पूर्वमा पनि पाइन्छन्। बार्थले पनि यसैलाई माथिको वाक्यंशद्धारा सकारेका छन्। यसरी साहित्य र कलाबाट प्राप्त आनन्द एउटै छन् पूर्व र पश्चिम दुवैतिर।

Made with GAMMA